स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गुलरिया,बर्दिया


०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com


प.सं.:०७७/०७८
च.नं.:आ.प्र./

## सिलबन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/११/०२

यस कार्यालयको लागि आ.ब. २०७७/७८ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान सिलबन्दी दरभाउ पत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, क्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको सर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

दरभाउपत्र फारम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र संलग्न चालु आ.ब.को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि लिखित निवेदन पेश गरी रु. १०००।- राजश्व दस्तुर(फिर्ता नहुने गरी) बुझाई जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

१. खरिद गरिएको सिलबन्दी दरभाउ पत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको ठिक १२.०० बजे भित्र जिल्ला प्रशासन कार्यालय बर्दियाको नाममा सम्बोधन गरी सिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी सिलबन्दी पत्र लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी तोकिएको समय भित्रै दर्ता गराई सक्नुपर्नेछ ।

२. दरभाउपत्रकर्ताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउ पत्रसाथ जमानत बापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय बर्दियाको नाममा राष्ट्रिय बाणिज्य बैंक लि. गुलरिया शाखामा रहेको धरौटी खाता नं. ४१४०१००१०२०३०००० मा यस कार्यालयको कार्यालय कोड ३१४९२५८०३ उल्लेख गरी दाखिला भएको सक्कल भौचर वा ७५ दिन अवधि रहेको नेपाल सरकारबाट "क" बर्गको मान्यता प्राप्त बैंकबाट जारी सक्कल जमानी पत्र संलग्न गरी पेश गर्नुपर्ने छ ।

४. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै किसिमको शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५. खरिद गरिएका सामाग्रीहरुको वारेण्टी/ग्यारेण्टीको साथै उपलब्ध गराइएको स्पेसिफिकेसन अनुसारको सामग्री हो भन्ने मनसायको स्वःघोषणापत्र समेत पेश गर्नुपर्नेछ ।

६. सिलबन्दी दरभाउ पत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएकोमा लेखिए बमोजिम र यसरी उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछन् ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०८४-४२००९५ मा फोन गरी वा सिधै कार्यालयमा उपस्थित भई बुझ्न सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउ पत्रको दस्तुर रु. | लागत अनुमान रु. मु.अ.कर बाहेक | जमानत रकम रु. | बुझाउने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | **01/SQB/DAO/BAR/GOODS/77-78** | **Supply and Delivery of Disaster Detection & Rescue Materials** | १०००।- | १५७८७५०।- | ५३५००।- | २०७७/११/१७ समयः दिउसो १२.०० बजे | २०७७/११/१७ समयः दिउसो २.०० बजे |

लीलाधर अधिकारी
प्रमुख जिल्ला अधिकारी